प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ७० ।। २०८२ वैशाख ०३ गते बुधबार (16th Apr 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# थप ५ जना शरणार्थीलाई सिलिगुडी ल्याएर छाडियो

झापा(प्रस) । अमेरिकासंगै भुटानले देश निकाला गरेका पूर्व शरणार्थीहरुको संख्या बढ्दै गएको छ । यसअघि अमेरिकाबाट देश निकाला भएर भुटान पुगेका १३ जना पूर्व शरणार्थीलाई भुटान सरकारले पनि देश निकाला गरेको थियो । उनीहरुमध्ये चारजना नेपाल प्रवेश गरेका थिए । अन्य ९ जनाको अबस्था अज्ञात छ । पछिल्लो लटमा ५ जना पूर्व शरणार्थीलाई सोमवार नै भारतको सिलिगुडीसम्म ल्याएर भुटानले छाडेको छ । तीमध्ये एकजना नेपाल आइपुगेको खबर छ । तर नेपालमा उनी कहाँ लुकेर बसेका छन् भन्ने थाहा भएको छैन । फेरि एकजना महिलालाई अमेरिकामा डिपोर्टको लागि तयारी भइरहेको भन्ने सुनिएको छ । यसरी चैत दोस्रो सातायता अमेरिकाबाट



१८ जना शरणार्थी निष्काशित भएका छन् । अमेरिकाले चैत दोस्रो साता देश निकाला गरेपछि भुटान पुगेका र त्यहाँबाट पुनः निष्कासित भुटानी नागरिकमध्ये चारजना दुई सातादेखि काँकडभिट्टा अध्यागमन कार्यालयको नियन्त्रणमा छन् । उनीहरूलाई भारत फिर्ता पठाउने, नेपालमै शरणार्थी शिविरमा राख्ने वा अन्य कारबाही गर्ने भन्ने विषयमा अध्यागमनकै अधिकारीहरू अन्योलमा छन् । भुटानले आफ्ना नागरिक स्वीकार गरेका, तर देशबाट निकाला गरेका १३ जनामध्ये चारजना नेपालमा भएपनि नौजना बेपत्ता छन् । अमेरिकी अधिकारीले पारो विमानस्थलमा बुझाएकामध्ये नेपाल आइपुगेका आशिष सुवेदी, रोशन तामाङ, सन्तोष दर्जी र अशोक गुरुङ १५ चैतदेखि काँकडभिट्टा अध्यागमनको हिरासतमा छन् ।

अमेरिकाले एकपछि अर्को गर्दै शरणार्थीहरुलाई देश निकाला गर्न थालेपछि शरणार्थी समुदाय चिन्तित भएका छन् । लामो समय समस्यामा रहेका उनीहरुको भविष्य फेरि अन्धकारमय बन्ने देखिएको छ । भुटान पिपुल्स पार्टीका अध्यक्ष बलराम पौड्याललले अमेरिकाले देश निकाला गरेर भुटानले पनि बास नदिएपछि शरणार्थीहरुको भविष्य अन्धकारमय बन्ने हुँदा फेरि पनि अन्तर्राष्ट्रिय समुदायले सहयोग गर्नुपर्नेमा जोड दिएका छन् ।

## हात्तीले लखेट्दा लडेर मेचीनगरका लिम्बू घाइते

झापा(प्रस) । जंगली हात्तीले लखेट्दा लडेर मेचीनगरका एकजना घाइते भएका छन् । मंगलवार बिहान अन्दाजी १० बजे कालीझोडा सामुदायिक वनमा दाउरा खोज्न जाँदा एक्कासि एउटा जंगली हात्ती आई लखेट्दा भाग्ने क्रममा लडेर मेचीनगर नगरपालिका वडा नं १२



कालिका बस्ने ३२ वर्षीय सन्तोष लिम्बू घाइते भएका हुन् । घाइते अवस्थामा उनकै भाई सुजन लिम्बूले फेला पारी उपचारको लागि बिर्तासिटी अस्पताल लिएर आएका छन् । उनको बाँया खुट्टा भाँच्चिएको र अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

डिभिजन वन कार्यालय झापाको अनुरोध

१. रुख रोपौं वन जोगाऔं
२. वन डढेलो लाग्नबाट जोगाऔ
३. हावाहुरी तथा सुख्खा मौसममा वन जंगलमा निगरानी बढाऔं
४. मानव-हात्ती द्वन्द्व न्यूनीकरण गरौं

नव वर्ष २०८२ को मंगलमय शुभकामना



नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

डिभिजन वन अधिकृत एवं
डिभिजन वन कार्यालय परिवार
भद्रपुर, झापा

## झापामा राजावादी आन्दोलनको अगुवाई गर्ने राजवंशी को हुन् ?

झापा(प्रस)। दुईजनाको मृत्यु र २० जना घाइते भएको तीनकुने हिंसात्मक घटनापछि राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदी नजरबन्दमा छन् । प्रहरीले संयुक्त जनआन्दोलन समितिका कमाण्डर दुर्गा प्रसाई , सदस्य सचिवसमेत रहेका राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र उक्त समितिमा आन्दोलन परिचालन समितिमा रहेका राप्रपा महामन्त्री धवल शम्शेर राणालाई नियन्त्रणमा लिएर अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको छ। तीनकुने क्षेत्रमा भएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले अहिलेसम्म १७८ जनालाई नियन्त्रणमा लिएर तीमध्ये ८२ जनामाथि म्याद थप गरेर अनुसन्धान गरिरहेको प्रतिकुल अबस्थामा झापामा राजावादी आन्दोलनको अगुवाई गर्ने साहस टेकनारायण राजवंशीले गरेका छन् । पञ्चायतकालीन राजनीतिज्ञ तथा पूर्व राज्यमन्त्री टेकनारायण राजवंशीले झापामा राजावादीहरुलाई भेला गराएर आन्दोलन समिति विस्तार गर्ने जिम्मेवारी पाएका हुन् । अधिवक्ता एवम् राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका प्रवक्ता स्वागत नेपालको उपस्थितिमा



बिर्तामोडमा भएको भेलाले नवराज सुवेदीको संयोजकत्वमा रहेको केन्द्रीय आयोजक समिति गठन गरेको हो । आयोजक समितिले आगामी समितिलाई झापामा विस्तार गर्न पूर्व राज्यमन्त्री टेकनारायण राजवंशीको संयोजकत्वमा भेला शनिवार बिर्तामोडमा भेला राख्ने र सोही भेलाले संयुक्त जनआन्दोलन जिल्ला समिति गठन गर्ने जनाइएको छ ।

झापा बाह्रदशी १ बक्राझारी निवासी ७८ वर्षीय राजवंशी राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदी र उनी नजरबन्दमा परेपछि कार्यबाहक संयोजक बनेका जगमान गुरुङको निकट हुन् । झापामा संयुक्त जनआन्दोलन समिति विस्तार गर्ने चर्चा चलिरहँदा राजावादी केन्द्रीय नेताहरुले राजवंशीकै नाम सिफारिस गरेका थिए ।

❖ बाँकी तेस्रो पृष्ठमा

नव वर्ष २०८२ को मंगलमय शुभकामना



नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

सञ्चालक : केदार गिरी
कंचन निर्माण सेवा प्रा.लि. परिवार, बिर्तामोड, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना



नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

मार्केटिङ मेनेजर : विकास कर्ण
पंचकन्या ग्रुप परिवार

नव वर्ष २०८२ को मंगलमय शुभकामना



नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

कार्यवाहक अध्यक्ष : अन्जुदेवी थपलिया
प्रमुख प्रशासकीय अधिकृत : गजेन्द्र थपलिया
झापा गाउँपालिकाको कार्यालय परिवार
टाँघनडुब्वा , झापा

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस्, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
जिवनरक्षा बिर्तामोड
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयाष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

## सम्पादकीय

# सबैको संस्कृतिलाई सम्मान गरौं

आज बैशाख ३ गते झापाका धेरै पालिकाहरुले स्थानीय विदा दिएका छन् । केही पालिकाले आदिवासी राजवंशी समुदायको सिरुवा पर्वको लागि विदा दिएका छन् भने केहीले मेचे समुदायको पर्व बैशागु बथरको लागि विदा दिएका छन् । जुन सकारात्मक कुरा हो । बिर्तामोड नगरपालिका , झापा गाउँपालिका , बाह्रदशी गाउँपालिकालगायतले महान पर्व सिरुवाको लागि विदा दिएका छन् भने मेचीनगर नगरपालिका र हल्दिवारी गाउँपालिकाले बैशागु बथर पर्वको लागि विदा दिएका छन् । मेचीनगर नगरपालिकाले मेचे समुदायको बैशागु बथर पर्वमा पहिलो पटक सार्वजनिक विदा दिने निर्णय गरेको हो ।

नगरपालिकाको यही चैत ३१ गतेको निर्णय अनुसार मेचे समुदायको बैशाख ३ गते बैशागु बथर पर्वमा सार्वजनिक विदा दिइएको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले मेचे समुदायको बैशाख ३ गते बैशागु बथर पर्व परेकाले सार्वजनिक विदा दिने निर्णय गरिएको जानकारी दिए ।

यही चैत १९ गते मेचे समाज शिवियारी आफात मेचीनगरका अध्यक्ष देशभक्त मेचेको नेतृत्वमा गएको टोलीले नगर प्रमुख गोपालचन्द्र बुढाथोकीलाई बैशागु बथर पर्वमा सार्वजनिक विदा दिनु पर्ने मागसहित ज्ञापनपत्र बुझाएको थियो ।

नगर प्रमुख बुढाथोकीले नगरपालिका स्थापनापछि पहिलो पटक मेच समुदायलाई स्थानीय सार्वजनिक विदा दिइएको बताए ।

मेचे समुदायको राष्ट्रिय पर्व 'बैशागु बथर' बैशाख महिनाभरी मनाउने गरिएको छ । नयाँ वर्षलाई स्वागतसँगै मेचे समुदायको पहिरनमा बाजा गाजासहित विभिन्न परिकारको खानपिन गरेर नाचगान गर्ने चलन रहेको छ ।

यो जाति लोपन्मुख तथा सिमान्तकृत समुदायमा पर्ने एउटा जाति हो । जस्को जनसंख्या २०७८ को जनगणना अनुसार देशभरि करिव पाँच हजार १९३ जना रहेका छन् । नेपाल बहुजाति , बहुभाषी भएको देश हो । नेपालका हरेक जातजातिका आआफ्ना विशिष्ट रीतिरिवाज, चाडपर्व र संस्कृति छन् । सबै जातजातिको धर्म, संस्कार र संस्कृतिको सम्मान गर्नु राज्यको दायित्व हो । सबै जातजातिको समान अस्तित्व कायम गर्नु नै नेपालीको पहिचान हो ।

संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ । नेपालीका सबै चाडपर्व, भाषा, भेषभूषा, धर्म, संस्कृति र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नेतर्फ राज्य सँधै उत्तरदायी र जिम्मेवार बनोस् ।


Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# न्यायको कठघरामा न्यायिक समिति



• वसन्त आचार्य

न्याय एक बृहत् अवधारणा हो । यो एक दर्शन पनि हो । उचित, तर्कपूर्ण, सारभूत र सर्वमान्य अवस्थाको अपेक्षा नै न्याय हो । राज्य, सरकार, शासन र प्रशासनको उदय पनि न्यायकै लागि भएको हो । न्यायालय, न्यायाधीश, न्यायाधीकरण, न्याय सभा, न्याय सेवा, न्याय प्रणाली, न्याय प्रशासन र न्यायपालिका जस्ता संयन्त्र र पद्धति त झन् न्यायप्रेमी जनताको न्यायोचित व्यवस्थाका लागि आविष्कार भएका हुन् । खासमा न्याय सुशासनको गन्तव्य हो ।

**न्यायको अनुभूति कसरी हुन्छ ?**

न्याय सत्यको खोजी र हानिको पूरणभरण हो । न्याय निष्पक्षता र स्वच्छता हो । न्याय एक मान्यता हो, क्षमता हो र कार्य सम्पादन हो । नीति, कानुन, शासन र प्रशासनको उद्देश्य न्याय प्रदान गर्नु हो । पीडा, दुःख, हैरानी, असन्तोष, विभेद, शोषण, वञ्चितीकरण, पूर्वाग्रह र निराशाले अन्यायको अनुभूति गराउँछ । यसको सट्टा आनन्द, खुसी, सन्तोष, समानता, समता, शान्ति, अमनचयन, आशा, विश्वास र समभावले न्यायको अनुभूति गराउँछ ।

सार्वजनिक स्रोत, साधन र अधिकारको विवेकपूर्ण प्रयोग नै न्याय हो । सुशासन न्याय अनुभूतिको प्रमुख सूचक हो । यसका लागि कुशल सार्वजनिक सेवा, विश्वसनीय न्यायिक प्रणाली र नागरिकप्रति उत्तरदायी प्रशासन हुनु पर्छ । केन्द्रदेखि वडासम्मको सार्वजनिक जिम्मेवारीमा रहने पदाधिकारीले देखाउने निष्पक्ष र उचित व्यवहारले न्यायको अनुभूति गराउँछ । खासमा न्यायको अनुभूति बृहत् अवधारणा भएकाले हर समाज आफैंमा न्यायालय र त्यस समाजमा बस्ने प्रत्येक व्यक्ति न्यायिक मन भएको र न्यायिक व्यवहार गर्ने न्यायाधीश हुँ भन्ने दायित्वबोध हुनु न्यायको अनुभूति गराउने उत्तम अवस्था हो ।

**स्थानीय न्यायका लागि न्यायिक समिति**

न्यायमा जनपहुँच बढाउन न्याय सम्पादन प्रणालीलाई स्थानीयकरण गर्नुको विकल्प छैन । समतामूलक समाज निर्माण गर्ने उपयुक्त सूत्र हो- न्यायको स्थानीयकरण । न्याय छिटो, छरितो, निःशुल्क वा कम शुल्कमा र निकटस्थ स्थलबाट सम्पादन गर्नुपर्ने सर्वमान्य सिद्धान्त हो । यसका लागि नेपालको संविधानले ७५३ वटै स्थानीय तहमा न्यायिक समितिको संस्थागत व्यवस्था गरेको छ । संविधानले संरचनागत व्यवस्था गरेको र कानुनले अधिकार क्षेत्र निर्धारण गरेको न्यायिक समितिले विभिन्न कानुनले तोकेको आफ्नो अधिकारक्षेत्र, कार्यविधि बुझेर निष्पक्ष सुनुवाइका माध्यमबाट कानुन र न्यायका मान्य सिद्धान्त आत्मसात् गरी न्याय सम्पादन गर्नु पर्छ ।

**न्यायिक समिति गठन प्रक्रिया**

प्रत्येक पाँच पाँच वर्षमा न्यायिक समितिको संयोजकका लागि गाउँपालिकाको हकमा उपाध्यक्ष र नगरपालिकाको हकमा उपप्रमुख निर्वाचनबाट निर्वाचित भएर आउँछन् । न्यायिक समितिमा रहने अन्य दुई जना सदस्य स्थानीय तहको गाउँ सभा/नगर सभाका लागि निर्वाचित जनप्रतिनिधिमध्येबाट निर्वाचित हुने गर्दछन् । न्यायिक समितिको संयोजक तथा सदस्यहरू निर्वाचनबाट प्रायशः नयाँ व्यक्ति निर्वाचित हुने गरेको अभ्यासबाट देखिन्छ । अभ्यासबाट एउटै व्यक्ति पुनः दोहोरिएर न्यायिक समितिको पदाधिकारी बनेको कम देखिएको छ ।

न्यायिक समितिको संयोजक तथा सदस्य बन्न निर्वाचित हुनुबाहेक कानुनले थप योग्यता तोकेको छैन । कानुनी ज्ञान वा विवाद निरूपणसम्बन्धी अनुभव भएमा उनीहरूका लागि विवाद निरूपणको कार्य गर्न सहज हुने थियो । समितिका पदाधिकारी राजनीतिक पृष्ठभूमिमा स्थानीय तहका लागि निर्वाचित जनप्रतिनिधि भएकाले उनीहरूका लागि न्याय सम्पादनको कार्य एक नौलो र जटिल कार्य बन्न पुगेको देखिन्छ ।

**न्यायिक समितिको दुःख**

न्यायिक समितिका अगाडि अनेकन दुःख छन् । दुःखका कारण पनि छन्, दुःख निवारणका उपाय पनि छन् र क्रमशः दुःख निवारण भइरहेका पनि देखिन्छन् । मूलतः न्यायिक समितिले कानुन र न्यायसम्बन्धी ज्ञान नहुनु, अधिकार क्षेत्र जानकारी नहुनु र संस्थागत प्रबन्ध अभावको दुःख न्यायिक समितिहरूले बेहोरिरहेका छन् ।

स्थानीय विवाद निरूपण गर्न अत्यावश्यक प्रबन्धको व्यवस्था गरिनु पर्छ । हरेक स्थानीय तहमा न्यायिक समितिको समान संरचना छ तर समान संस्थागत प्रबन्ध रहेको अवस्था भने देखिँदैन । मूलतः न्यायिक समितिको कामकारबाहीलाई प्रभावकारी र अपेक्षित बनाउन निम्न संस्थागत प्रबन्धको अपरिहार्य छ :

(१) स्थानीय विवाद निरूपणसम्बन्धी स्पष्ट कार्यविधि उल्लिखित स्थानीय कानुन अपरिहार्य छ । यसका लागि गाउँ/नगर सभाबाट विवाद निरूपण कार्यविधि ऐन नै जारी गर्न मनासिब हुन्छ । सबै स्थानीय तहमा यस प्रकारको कानुन छैन ।

(२) न्यायिक समितिको क्षेत्राधिकारभित्रका विवाद निरूपण गर्ने प्रक्रिया पूरा गर्न कानुनी शिक्षा हासिल गरेका पृष्ठभूमिका जनशक्ति जस्तै कानुन अधिकृत, राय परामर्शका लागि कानुनविद् वा कानुनी सल्लाहकार, निःशुल्क कानुनी सेवा प्रवाहका लागि न्यायिक सहजकर्ता जस्ता जनशक्तिको व्यवस्था गर्न आवश्यक हुन्छ । यसका लागि दरबन्दी सिर्जना तथा पदपूर्तिका लागि कार्य गर्नु पर्छ ।

(३) प्रत्येक वडामा समेत मेलमिलाप केन्द्रको प्रबन्ध, न्यायिक समितिको सुनुवाइ कक्षको व्यवस्था, मेलमिलापकर्ताका लागि आवश्यक तालिम प्रदान गरी मेलमिलापकर्ताको सूचीकृत आदिको व्यवस्था गर्नु पर्छ ।

(४) समय समयमा सफल र असल अभ्यास र अनुभव साटासाट गर्न अन्य न्यायिक समितिको अध्ययन अवलोकन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रमको आयोजनासमेतको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

(५) न्यायिक समितिलाई सहयोग गर्न विशिष्ट विभाग वा शाखाको व्यवस्था गरी विवाद व्यवस्थापन, मेलमिलाप, सुनुवाइ, निर्णय प्रक्रिया, मिलापत्र तथा निर्णय कार्यान्वयन, अनुगमन आदिको काम नियमित रूपमा सम्पादन गर्ने साङ्गठनिक संरचना बनाउन आवश्यक छ ।

उल्लिखित कार्यक्रमका लागि सभाबाट वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्दा आवश्यक बजेट विनियोजन गर्नुपर्ने हुन्छ । न्यायिक समितिको संयोजक नै बजेट तर्जुमा समितिको संयोजकसमेत हुने भएकाले यो त्यति कठिन कार्य पनि होइन तर पनि न्यायिक समितिका लागि कार्यक्रम बजेट विनियोजन भएको देखिँदैन । यस प्रकारको दुःखले न्यायिक समितिलाई प्रभावकारी बन्न दिएको दिँदैन ।

**न्यायिक समिति कसरी सफल हुने ?**

नागरिकको दैलो दैलोमा सरकार पुग्नु सङ्घीयता हो भने न्याय सरल, सहज र पहुँचयोग्य हुनु न्यायिक सुशासन कायम हुनु हो । सुशासनको प्रमुख आधार न्यायपूर्ण शासन प्रशासन सञ्चालन गर्नु हो र यसका लागि ७५३ वटै न्यायिक समितिका कामकारबाही प्रभावकारी हुन अपरिहार्य छ । न्यायिक समितिसामु खडा भएका तमाम दुःख समयमै निवारण हुन सक्यो भने स्थानीय विवाद निरूपण अपेक्षित, सफल र प्रभावकारी हुन पुग्छ भन्नेमा कुनै शङ्का छैन । स्थानीय जनताको सहजै न्याय पाउने मौलिक हकको सफलतापूर्वक कार्यान्वयन हुन सक्यो भने न्यायिक समिति सफल भयो । न्यायिक समिति सफल हुनु भनेको सर्वसाधारण नेपालीले न्याय पाउनु हो । सर्वसाधारणले सर्वसुलभ रूपमा न्याय पाउन सके मात्र न्यायिक जिम्मेवारीको कठघरामा उभिएको न्यायिक समितिको उपादेयता स्वतः पुष्टि हुन्छ ।

कानुनी व्यवस्था तथा न्यायका मान्यसिद्धान्त वा आफ्नो क्षेत्राधिकार जानकारी नभएको वा संस्थागत प्रबन्धको अभावका कारण नै किन नहोस्, न्यायिक समितिसामु खडा भएका प्रमुख दुःखले सताएका कारण न्यायिक समिति नै निष्प्रभावी हुन सक्छ । निष्प्रभावी हुने कि प्रभावकारी हुने भन्ने तत् तत् न्यायिक समितिको सोच, निर्णय र कार्यसम्पादनमा भर पर्ने देखिन्छ । अहिले देशैभरिका सबै न्यायिक समिति यस प्रकारको फरक जिम्मेवारीको कठघरामा उभिएर स्थानीय न्यायका उपभोक्तासमक्ष दिव्य परीक्षा दिँदै गरेको आभास हुन्छ ।

आफ्नो पाँचवर्षे कार्यकालमा न्यायका निम्ति मेलमिलापमैत्री वातावरण विकास गरी शीघ्र विवाद निरूपण गर्ने न्यायिक समितिलाई समाजको चौतर्फी सम्मान र प्रसंशा हुने अवश्यम्भावी छ । साथै यसै कारणबाट उनीहरूको राजनीतिक भविष्यलाई समेत सफल बनाउन मद्दत गर्ने छ । यस परीक्षालाई बेवास्ता गर्ने वा समितिसमक्ष आइपरेको दुःखलाई सुझबुझपूर्ण ढङ्गले निवारण नगर्ने न्यायिक समितिका लागि भने यो असन्तोषको कारण मात्र बन्ने छैन, अपितु उनीहरूको राजनीतिक भविष्यका लागि समेत महँगो पर्न सक्ने छ ।

# सार्वजनिक सेवामा समावेशिता



• कुलचन्द्र अर्याल

राज्यका सबै वर्ग, क्षेत्र, लिङ्ग तथा समुदायलाई राज्यप्रदत्त लाभ र अवसरमा समान हिस्सेदारीका साथै स्रोतसाधन माथिको पहुँच, उपभोग तथा नियन्त्रणमा समता र न्याय स्थापित गर्ने समन्यायको सिद्धान्तमा आधारित लोकतन्त्रको आधुनिक अवधारणा नै समावेशिता हो । यो बहिष्करण, वञ्चितीकरण तथा सीमान्तीकरणमा परेका वर्ग, क्षेत्र तथा समुदायलाई राज्यव्यवस्थामा मूलप्रवाहीकरण गर्ने प्रक्रिया हो । शासकीय संयन्त्रमा विविधताको समिश्रण नै प्रजातन्त्र तथा सुशासनको महत्वपूर्ण विशेषता हो । राज्यका संयन्त्रमा कुनै एउटा जाति विशेषको प्रभावले तानाशाही सत्ताको मात्र स्थापना गर्दैन यसले राज्यका स्रोतको एकलौटी दोहनको साम्राज्य नै खडा गर्छ ।

सामान्य कानुनको प्रयोग तथा लाभ र सेवाको वितरणमा राज्यले आफ्ना नागरिकबिचमा विभेद गर्न पाउँदैन तर लोककल्याणकारी राज्यले वास्तविक समानता अर्थात् सारभूत समानता कायम गर्न र कमजोर वर्गको सशक्तीकरणमार्फत समानताको हकको समान उपभोग गर्न सक्ने बनाउन संविधान तथा कानुनमै व्यवस्था गरी समताको नीति अख्तियार गरेको हुन्छ, जुन समावेशिताको मूल मर्म हो ।

नेपालको वर्तमान संविधानको प्रस्तावनामै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने विषय उल्लेख हुनुले समावेशिताको नीति राज्यको मार्गनिर्देशक नीति भएको प्रस्ट हुन्छ । मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हकमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, असक्त असहाय, पिछडिएको क्षेत्र तथा आर्थिक रूपले विभिन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष व्यवस्था गरिने कुरा उल्लेख हुनुका साथै धारा ४२ मा सामाजिक न्यायको हकमा पनि सामाजिक रूपले पछाडि परेका तथा आर्थिक रूपले विपन्न वर्गलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेलगायतका प्रावधान रहेका छन् ।

**सार्वजनिक सेवाको अवस्था**

राज्यले आफ्ना नागरिकहरूलाई प्रदान गर्ने नियमित, आकस्मिक तथा विकासात्मक सेवाहरूको समग्रता नै सार्वजनिक सेवा हो । राज्यले नागरिकको हित, उन्नति, प्रगति र समृद्धिका लागि सार्वजनिक सेवा प्रदान गर्छ । सार्वजनिक सेवा प्रवाह राज्यको दायित्व र नागरिकको अधिकारको विषय हो । राज्यको उद्भव नै सेवा प्रवाहका लागि भएको हो । नागरिकको सेवा र सुरक्षामा नै राज्यको आवश्यकता धेरै हदसम्म आबद्ध छ । नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति लिएको छ । संविधानले कतिपय सार्वजनिक सेवालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । आधुनिक लोकतान्त्रिक व्यवस्थामा सार्वजनिक सेवा प्रवाह सेवाग्राहीप्रति उत्तरदायी, अधिकारमा आधारित, सेवाग्राही केन्द्रित हुनुपर्ने र सेवा प्रवाहमा सरोकारवाला नागरिक तथा लक्षित समुदायको सहभागिताका साथै समावेशी पहुँच स्थापित हुनुपर्ने मान्यता रहेको छ । तर नेपालमा राज्यले प्रदान गरेको सार्वजनिक सेवा नागरिकले अपेक्षा गरेबमोजिमको देखिँदैन । सेवामा गुणस्तर नरहेको तथा यसले नागरिकलाई सन्तुष्ट बनाउन नसकेको भनी आलोचना हुने गरेको छ । सार्वजनिक सेवाबाट आमनागरिकमा सकारात्मक प्रभाव सिर्जना गर्न राज्य सङ्घर्षरत छ ।

नेपालमा भौगोलिक, जातीय, समुदायगत तथा लैङ्गिक विकासको अवस्थामा विद्यमान व्यापक असमानताका कारण यी क्षेत्र, लिङ्ग, जाति तथा समुदायको सार्वजनिक सेवाको पहुँचमा अनेकौं अवरोध छन् । सेवा वितरण एकाइहरू जनताको सहज पहुँचमा छैनन् । सेवा वितरणमा हुने भेदभाव, असमानता, अनियमितता र अपारदर्शिताले शासन व्यवस्थाप्रति नै जनताको वितृष्णा र नैराश्यता बढेको छ । दुर्गम र पिछडिएको क्षेत्रमा सेवा वितरणको अवस्था अत्यन्त कमजोर रहेको छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले गरेको नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ अनुसार करिब १५ प्रतिशत नागरिक मात्रै आफूले प्राप्त गरेको सार्वजनिक सेवाबाट पूर्ण रूपमा सन्तुष्ट छन् भने आंशिक सन्तुष्ट रहेका नागरिक ६५ प्रतिशत छन् । यसले राज्यबाट प्रवाह गरिने सार्वजनिक सेवा नागरिकको अपेक्षा अनुसार नरहेको स्पष्ट सङ्केत गर्छ । उक्त अध्ययन अनुसार करिब आधाजसो नेपालीले सरकारी कार्यालयमा सर्वसाधारण नेपालीमाथि भेदभाव हुन्छ भन्ने ठान्छन् । यसमध्ये दलितमाथि सेवा प्रवाहमा भेदभाव हुन्छ भनेर सोच्नेको अनुपात एक तिहाइभन्दा धेरै छ । अध्ययनले सार्वजनिक सेवा लिन जाने दरसँग सेवाग्राहीको जातीय पहिचानसँग समेत जोडिएको देखाएको छ । जस अनुसार पछिल्लो छ महिनामा सार्वजनिक सेवाका लागि सरकारी कार्यालयमा गएका पहाडी ब्राह्मण/सन्न्यासी तथा नेवारहरू सबैभन्दा धेरै अर्थात् क्रमशः ४३ प्रतिशत र ३८ प्रतिशत छ भने मुस्लिमको दर सबैभन्दा कम अर्थात् १७ प्रतिशत छ । त्यस्तै सार्वजनिक सेवा लिनका लागि कहिल्यै पनि सरकारी कार्यालयमा नपुगेका तराईका जाति तथा दलितहरूको प्रतिशत क्रमशः छ र सात प्रतिशत रहेको छ ।

**समतामूलक पहुँच**

राज्यले सार्वजनिक सेवाको व्यवस्था गरेर मात्र हुँदैन, यस्तो सेवामा सबैको समतामूलक पहुँच स्थापित हुनु पर्छ । सेवा प्राप्त गर्न आइपरेका अवरोधहरूको पहिचान गरी त्यस्ता अवरोध हटाउनु आवश्यक हुन्छ । सार्वजनिक सेवा प्रवाहमा सम्बन्धित स्थानीय तह वा त्यस क्षेत्रका लक्षित समुदायका सेवाग्राहीको सहभागिता हुन सकेमा लागत कम, प्रतिफल उच्च, स्वामित्वको अभिवृद्धि, दिगोपना जस्ता लाभहरू हासिल गर्न सहज हुन्छ । नेपालमा सार्वजनिक सेवा प्रदायक निकायमा समावेशी प्रतिनिधित्वलाई संविधान, निजामती सेवा ऐन, विभिन्न क्षेत्रगत ऐन तथा अन्य विषयगत कानुनले सुनिश्चित गरेको भए पनि सार्वजनिक सेवाको ढाँचा तथा प्रारूप निर्माण र सेवा प्रवाहको सन्दर्भमा समावेशिताको महत्व र आवश्यकतालाई अझै पनि गम्भीर ढङ्गमा आत्मसात् गर्न सकिएको छैन । यद्यपि पछिल्ला दिनमा कर्मचारीको पदस्थापना गर्दा भौगोलिक क्षेत्र, भाषागत ज्ञान, लैङ्गिकता तथा समुदायगत प्रतिनिधित्वलगायतका पक्षलाई केही हदसम्म ध्यान दिने गरेको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय योजना निर्माणमा सम्बन्धित स्थानीय समुदायको समावेशी सहभागितालाई सुनिश्चितता प्रदान गरेको छ ।

**प्रारूपमा समावेशिता**

समतामूलक तथा पहुँचयोग्य प्रणाली सिर्जना गरी विविधतायुक्त जनसङ्ख्याका आवश्यकता परिपूर्ति गर्नका लागि सार्वजनिक सेवाको प्रारूप निर्धारण अर्थात् डिजाइनमा समावेशिता अवलम्बन गर्नु अत्यावश्यक हुन्छ । सर्वप्रथम लक्षित सेवाग्राही वर्गको पहिचान गर्नु आवश्यक हुन्छ । सार्वजनिक सेवा प्रापकहरूको विविधताको बारेमा सुझबुझ तथा पर्याप्त जानकारी हासिल गरी उनीहरूको अवस्था, विशेष आवश्यकता तथा उनीहरूले भोगेका चुनौतीहरू पहिचान गरी तदनुरूप सार्वजनिक सेवाको डिजाइन गर्नु पर्छ । सेवाग्राही अध्ययन तथा सरोकारवालाको सहभागिता, आवश्यक जानकारी तथा पृष्ठपोषण प्राप्त गर्नका लागि लक्षित वर्ग तथा सम्बन्धित सरोकारवालासँग सम्बन्ध स्थापित गर्दै विभिन्न अध्ययन अवलोकन तथा छलफलका विधिमार्फत उनीहरूका अनुभव, अपेक्षा तथा पीडाहरूको बारेमा जानकारी हासिल गर्नु पर्छ । त्यस्तै सेवा प्रदायकले सार्वजनिक सेवाको प्रारूप निर्धारण गर्ने टिम निर्माण गर्दा समाजको विविधतालाई प्रतिविम्बित गर्ने प्रयास गर्नु पर्छ । सबै प्रकारका अवधारणा, अनुभव तथा दृष्टिकोणलाई समेट्नु सेवा प्रवाहको प्रभावकारिता वृद्धिमा सहयोगी बन्छ । विकास तथा सेवा प्रवाहको प्रारूप निर्धारणमा समावेशी डिजाइन सिद्धान्त अवलम्बन गर्नाले उक्त सेवा तथा विकासमा धेरै भन्दा धेरै नागरिकको पहुँच तथा प्रयोग सुनिश्चित हुन्छ । सार्वजनिक सेवाको डिजाइन तथा विकासको प्रक्रियामा निरन्तर रूपमा प्रतिनिधि सेवाग्राहीसँग उक्त सेवाको परीक्षण गरिरहनु पर्छ र प्राप्त पृष्ठपोषणका आधारमा सेवामा निरन्तर सुधार गर्नु पर्छ ।

**सेवा प्रवाहमा समावेशिता**

सार्वजनिक सेवा प्रवाहमा समावेशिता भन्नाले प्रदत्त सार्वजनिक सेवामा सबै व्यक्ति तथा समुदायको समतामूलक पहुँचका साथै लाभमा हिस्सेदारी भएको अवस्था हो । सामाजिक एकता कायम गर्न, समाजमा व्याप्त असमानता हटाउन तथा आमनागरिकको जीवनस्तरमा सुधार गर्नका लागि पनि सार्वजनिक सेवा प्रवाहमा समावेशीकरण आवश्यक छ । यस अन्तर्गत हरेक व्यक्तिलाई उनीहरूको आर्थिक सामाजिक अवस्था, उमेर, लिङ्ग, शारीरिक सक्षमताको अवस्था, जातीय तथा अन्य अवस्थाको आधारमा विभेद नगरीकन सार्वजनिक सेवामा समान पहुँच स्थापित गर्ने र फरक क्षमता भएका व्यक्तिहरूका लागि वैकल्पिक विधिमार्फत सेवा प्रवाह गर्ने कुरा सबैभन्दा प्राथमिक विषय हो । त्यसै गरी सार्वजनिक सेवाको निर्णय प्रक्रिया तथा सेवा प्रदायक निकायमै पनि समाजको विविधता झल्किने गरी विविधतायुक्त प्रतिनिधित्व हुनु महत्वपूर्ण हुन्छ । यसले सबै पक्षका चासो तथा आवश्यकता सार्वजनिक सेवाको डिजाइन तथा प्रवाहमा आन्तरिकीकरण

❖ बाँकी तेस्रो पृष्ठमा

## सार्वजनिक...

गरिएको कुरालाई सुनिश्चित गर्छ । सार्वजनिक सेवाहरू सांस्कृतिक रूपमा संवेदनशील हुनुका साथै विविधतायुक्त समुदायको आवश्यकता तथा प्राथमिकतालाई सम्बोधन गर्ने खालका हुनु पर्छ । यसमा स्थानीय भाषा बोल्ने कर्मचारीको व्यवस्था, स्थानीय भाषामा सेवा बडापत्रको व्यवस्था, सार्वजनिक सेवा प्रवाहले समाजका धार्मिक सांस्कृतिक संरचना तथा असल मान्यतामाथि दखल पुऱ्याउन नहुने जस्ता विषय पर्छन् । सार्वजनिक सेवा प्रवाहमा समावेशिताका लागि सहभागिता तथा सक्रियता महत्वपूर्ण सर्त हो ।

**निष्कर्ष**

सार्वजनिक सेवा सरकार र जनताबिचको सम्बन्ध सेतु मात्र नभई सरकारको प्रभावकारिता र क्षमता पहिचान गर्ने माध्यम हो । सेवा प्रवाह आमजनताको आवश्यकता र चाहनामा आधारित हुनु पर्छ । सेवा प्रवाहको केन्द्रविन्दुमा जनता रहनु पर्छ र यसलाई छिटो, गुणस्तरीय, पहुँचयोग्य, जनसहभागितामूलक बनाई जनसन्तुष्टि प्राप्त भएमा मात्र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता भएको मानिन्छ । सार्वजनिक सेवा नागरिकका लागि हो भन्ने बोध सबैलाई भए पनि यस्तो सेवाको डिजाइन तथा कार्यान्वयनमा सेवाग्राहीलाई संलग्न गराउने प्रणालीको अभाव छ ।

सेवाग्राही सन्तुष्टि मापन, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणाली कर्मकाण्डी रहेको गुनासो सर्वत्र सुनिन्छ । नागरिक पृष्ठपोषण, नागरिक निगरानी, सेवाग्राहीको मूल्याङ्कन जस्ता विषय प्राथमिकतामा पर्न सकेका छैनन् । सार्वजनिक सेवा प्रवाहमा सेवाग्राही नागरिकको संलग्नता तथा समावेशिताको अभावले प्रवाहित सेवाप्रति नागरिक सन्तुष्ट नभएको र लगानीको उचित प्रतिफलसमेत प्राप्त हुन नसकेको अवस्था छ । सेवाको आवश्यकता पहिचान, सेवाको प्रारूप निर्धारण, सेवा प्रदान गर्ने स्थान तथा सेवाको प्रक्रिया, शुल्कलगायतका सेवा प्रवाहका हरेक चरणमा सरोकारवाला तथा लाभग्राही सबैको सक्रिय सहभागिता तथा हिस्सेदारी सुनिश्चित भए मात्र सेवालाई गुणस्तरीय बनाउँदै सार्वजनिक सेवामा जनताको अपनत्व र विश्वास कायम गर्न सकिन्छ ।

## झापामा...

**यस्तो छ राजवंशीको राजनीतिक जीवनी**

विक्रम सम्वत् २००४ सालमा पिता अमरलाल राजवंशी र माता तारादेवी राजवंशीको कोखबाट २००४ साल चैत १ गते उनको जन्म भएको थियो । उनी राजवंशी समुदायकै पहिलो डिग्री होल्डर हुन् । उनले सन् १९७७ मा अर्थशास्त्रमा स्नातोकोत्तर गरेका थिए ।

राजनीतिक जीवनीलाई हेर्दा राजावादी र राष्ट्रवादी नेता राजवंशीले २०२८ सालमा युवक संगठनबाट राजनीति शुरुवात गरेका थिए । पञ्चायत कालमा युवक संगठनको निर्वाचनमा केशवकुमार बुढाथोकीसंग उनी ३ मतले पराजित भएका थिए । राजवंशी समुदायका पढेलेखेका भएका कारण झापाली राजनीतिमा अगाडि बढ्दै गई उनी २०४४ सालमा जिल्ला पञ्चायत झापाको सभापति बनेका थिए । उनले बहुदल आउनुअघि ३ वर्ष जिल्ला पञ्चायत ( २०४६ पछि जिल्ला विकास समिति र हाल जिल्ला समन्वय समिति) चलाएका थिए । निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी नेपालमा बहुदलीय व्यवस्थाको लागि २०४६ सालमा भएको आन्दोलनको विरुद्धमा लागेका राजवंशी पक्राउ परी ५ महिना जेल गएका थिए ।

पछि पूर्व राजा ज्ञानेन्द्र शाहले २०६१ माघ १७ गते 'कू ' गरेर प्रत्यक्ष शासन आफ्नो हातमा लिएपछि राजवंशी शाहीकालमा श्रम तथा यातायात राज्यमन्त्री बनेका थिए । २०६२-०६३ को जनआन्दोलनको शक्तिले राजाको शासन अन्त्य गर्नुअघि उनले करिव ५ महिना राज्यमन्त्री चलाएका थिए ।

उनी आदिवासी नेता पनि हुन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका संस्थापक सदस्य राजवंशीले २०६० देखि ०६३ सम्म त्यसको सदस्य भएर काम गरेका थिए । उनी त्यस प्रतिष्ठानको मस्यौदा निर्माण गर्न गठित कार्यदलका सदस्यसमेत हुन् ।

लोकतन्त्रपछि राष्ट्रिय प्रजातन्त्र पार्टीमा लागेका उनी पार्टी विभाजनपछि चन्द समूहतिर लागेका थिए । उनी चन्द समूहको संस्थापक झापा जिल्ला उपसभापति हुन् । त्यसपछि सोही समूहको केन्द्रीय परिषद सदस्य बनेका थिए । पार्टी एकीकरणपछि उनी राप्रपाको केन्द्रीय सदस्य भएका थिए ।

केही वर्षदेखि सक्रिय राजनीतिमा नरहेका उनले राजसंस्थानजिक रहेर काम गरिरहेका थिए । उनले केही वर्षअघि पूर्वराजा ज्ञानेन्द्र शाहलाई आफ्नो गाउँमा लगेर भव्य स्वागत गरेका थिए । राजसंस्थाप्रति कट्टर आस्था र विश्वास राख्ने राजवंशी भन्छन् ,' राजा बोक्न तयार भए आफू आउने भनेर समितिमा बस्ने सहमति जनाएको थिएँ ।'

राजावादीहरुको आन्दोलन समितिमा राप्रपा र राप्रपा नेपालप्रति असन्तुष्ट रहेका धेरै नेता कार्यकर्ता आउने उनले दावी गरेका छन् । १७ सदस्यीय भेला आयोजक समितिलाई हेर्दा पूर्व पञ्चदेखि लिएर राप्रपाका कार्यकर्ताहरु संलग्न रहेका छन् ।

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
अफ्रोज खान
अध्यक्ष : विद्यालय व्यवस्थापन समिति
मदरसा तालिमुल कुरान
बिर्तामोड -३, बिर्ताबजार झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
अध्यक्ष : दिपेश धिमाल सचिव : प्रेम आचार्य
प्लम्बर हकहित संरक्षण कोष
बिर्तामोड, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
सञ्चालक : प्रदिप खरेल
प्रदिप फार्मेसी परिवार
बिर्तामोड, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
हरि गिरी / कुमार गिरी / प्रकाश गिरी
एवम् बुट्टाबारी टी प्रोसेसिङ प्रा. लि. परिवार
बिर्तामोड-६, बुट्टाबारी, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
प्रधानाध्यापक : खड्गप्रसाद खरेल
श्री महेन्द्ररत्न माध्यमिक विद्यालय
बिर्तामोड -३ बिर्ताबजार, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
प्रोप्राइटर : झलक खत्री
श्रीज्योति ट्रेडिङ प्रा.लि.
शनिश्चरे रोड, बिर्तामोड

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
अध्यक्ष : निर्मल भट्टराई
नेपाल अलैंची व्यवसायी महासंघ केन्द्रीय समिति परिवार
बिर्तामोड, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
जितेन्द्र सोनी
आशा ज्वेलर्स परिवार
भद्रपुर (सगरमाथा चोक) झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
सञ्चालक एवम्
स्टार टी इण्डष्ट्रिज परिवार
भद्रपुर -६ झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
अध्यक्ष : पुनम चौहान सचिव : रमेश नेपाल
बिजुली अफिस पूर्व टोल विकास संस्था
अर्जुनधारा ८, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
प्रबन्ध निर्देशक : आदित्य पराजुली
पराजुली एण्ड ब्रदर्स ग्यास उद्योग परिवार
भद्रपुर , झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।
मेडिकल सुपरिटेन्डेन्ट : डा. रामबाबु खड्का
प्रादेशिक अस्पताल
भद्रपुर, झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
प्रवन्ध निर्देशक : सुवास भट्टराई
झापा इनर्जी कम्पनी लि. परिवार
विर्तामोड , झापा

नव वर्ष २०८२ को मंगलमय शुभकामना
नव बर्ष २०८२ सालको अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
अध्यक्ष : मेघराज बास्तोला
बिर्तामोड साना सहरी खानेपानी तथा उपभोक्ता संस्था परिवार
बिर्तामोड, झापा

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

- **मेष**: स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । प्रेम जीवन पनि सफल रहनेछ ।
- **वृष**: आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् ।
- **मिथुन**: आज आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।
- **कर्कट**: पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् ।
- **सिंह**: अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी छलफल हुनेछ ।
- **कन्या**: रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
- **तुला**: प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ ।
- **वृश्चिक**: आफन्त र मित्रवर्गको सहयोग पाइनेछ ।
- **धनु**: वाणीमा कुशलता आउने दिन परेको छ । नयाँ काम र करियरको क्षेत्रमा मन जाने
- **मकर**: साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।
- **कुम्भ**: भाग्य बलमा कमी भएको आभास गर्नु हुनेछ । सामाजिक काममा व्यस्त हुने समय
- **मिन**: बोलीवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ ।